जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ३०५ २०८२ साल असार ३१ गते मंगलबार (15 July 2025 Tuesday) मूल्य रु. ५/-

## लागु औषधको दुर्व्यसनबाट टाढा रहौं

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : किन घट्यो पूर्वमा... ३ पृष्ठमा : प्रदेश भाषा र लोपोन्मुख ... ३ पृष्ठमा :भारतमा आँप बोकेको लरी...

# उपचार खर्च माग्दै पीडित परिवार तथा आफन्तद्वारा राजविराज नगरपालिकामा तालाबन्दी




**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

उपचार खर्च माग्दै पीडित परिवार तथा आफन्तजनले सोमबार राजविराज नगरपालिकाको मुल गेटमा ताला लगाउँदै अनिश्चितकालिन धर्नामा बसेका छन् ।

सप्तरीको बोदेवरसाइन नगरपालिका १ का १६ वर्षीय राजेशकुमार यादवको उपचार खर्च माग गर्दै पीडित परिवार तथा आफन्तहरूले नगरपालिकाको मुल गेटमा ताला लगाएका हुन् ।

तालाबन्दीका कारण राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनसहितका कर्मचारी तथा जनप्रतिनिधि समेत कार्यालयमै थुनिएका छन् ।

गत वर्ष माघ १ गते राजविराज नगरपालिकाको गाडीको ठक्करबाट घाइते यादवको उपचार खर्च माग गर्दै पीडित परिवार तथा आफन्तहरू नगरपालिकाको मूल गेटमा तालाबन्दी गरी धर्ना बसेका छन् । उनीहरुले नगरपालिका परिसरमै खाना खाने व्यवस्था मिलाएर अनिश्चितकालिन धर्नामा बसेका छन् ।

नगरपालिकामा पटक-पटक धर्ना कार्यक्रमका साथै शान्तिपुर्ण आन्दोलन गर्दा पनि कार्यवाहक नगरप्रमुखले घाइतेको उपचार खर्च मिलाउन आश्वासन मात्र दिएपछि बाध्य भएर तालाबन्दी गर्नुपरेको पीडित परिवारको भनाइ छ ।

घटनाको भएको ६ महिना बित्तै लाग्दा पनि नगरपालिकाले उपचार खर्च उपलब्ध गराउँन नसक्दा छोरा अस्पतालमै बन्धक भएको पीडितका बुवा रघुनाथ यादवले बताए । उपचार खर्च अस्पताललाई बुझाउन नसक्दा छोरालाई घर ल्याउन नसकेको उनले दुःखेसो सुनाए ।

२०८१ माघ १ गते हुलाकी सडकखण्ड अन्तर्गत सप्तरीको बोदेबसराइन नगरपालिका ५ मा राजविराज नगरपालिकाको गाडीको ठक्करबाट बोदेबसराइन नगरपालिका १ का राजेशसँगै अर्का २२ वर्षीय अजितकुमार यादव घाइते भएका थिए ।

अजितको राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार गरी घर फर्किए पनि राजेशको विराट नर्सिङ होम विराटनगरमा उपचार भइरहेको राजेशका ठूलोबुवा बैधनाथ यादवले बताए । झण्डै तीन महिना आइसियूमा राखी उपचार गराइएको भतिजाको ९२ दिनपछि होस आएको उनले बताए ।

# साउनको पहिलो सोमबारी शिवालयहरुमा पूजा अर्चना गर्ने भक्तजनहरुको घुइँचो

**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

साउन महिनाको पहिलो सोमबार शिवालयहरुमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको छ ।

हिन्दु धर्मशास्त्र अनुसार साउनको सोमबार भगवान शिवको विशेष दिन हो । यो दिन देवको पनि देव, महादेव शिवको ब्रत बसी पूजाआजा गरिन्छ ।

बिहानैदेखि सप्तरीको शम्भुनाथ, राजविराजको हरि नन्देश्वर महादेव मन्दिर लगायत जिल्लास्थित सबै शिवालयहरुमा पुजा गर्ने घुइचो लागेको छ ।

पहिलो सोमबार ब्रत बसेर विधिपूर्वक शिव भगवानको पूजा गर्नाले मनोकामना पुरा हुने दीर्घायु, सुख, शान्ति, एश्वर्य, धन धान्य र मान सम्मान प्राप्ति हुने विश्वास गरिन्छ । विशेषगरी विवाहित महिलाहरुले आफ्नो श्रीमानको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै ब्रत बस्ने गर्दछन् भने अविवाहित महिलाहरुले सुयोग्य वरको कामना गरी ब्रत बस्ने गर्दछन् ।

साउन भगवान् शिवको महिना हो । अनि सोमवार उनको प्रिय दिन हो । शिवपुराणमा वर्णन गरिए अनुसार, शिव परमब्रह्म हुन् । हिन्दु धर्मावलम्बीहरुले भगवान शिवको शक्तिलाई विशेष रुपमा लिने गर्दछन् । हरेक वर्ष साउनको सोमबार ब्रत बसेर शिवको पूजा आराधना गर्ने चलनले पनि हिन्दु धर्मावलम्बीहरुका लागि ठुलो महत्व बोकेको छ । साउन महिनालाई भगवान शिवको प्रिय महिनाको रुपमा चिनिन्छ ।

धर्म ग्रन्थहरुमा उल्लेख गरिए अनुसार साउन महिनालाई एकदमै पवित्र महिनाको रुपमा मानिन्छ । साउन महिनामा भगवान शिव पृथ्वी भ्रमण गर्न आउने साउन महिनामा शिव भगवानको पुजा आराधना गरिन्छ ।

साउन महिनामा सोमबारको दिन ब्रत बस्ने चलन शिव र पार्वतीको सम्बन्ध रहेसँगै सुरु भएको ग्रन्थहरुमा उल्लेख गरिएको छ । श्रावण महिनालाई धार्मिक दृष्टिकोणले पनि उत्तम र पवित्र मानिन्छ ।

भगवान शिवलाई हरियो, रातो र पहेँलो रङ्ग मनपर्ने मान्यता भएकाले श्रावण महिनाको सुरुवात भएसँगै महिलाहरुले हरियो रङ्गका वस्त्र र चुरा पोतेहरु लगाउने गर्दछन । हरियो रङ्गलाई सौभाग्यको रङ्ग पनि भनिन्छ । श्रावण महिना हरियालीको महिना र प्रकृतिसँग आफूलाई जोड्ने महिना रहेकाले हरियो रङ्गका कपडाहरु लगाएर प्रकृतिसँग नजिक हुने गरिन्छ । जसले गर्दा प्रकृतिको साग रहने र भाग्यमा समेत सकारात्मक प्रभाव पर्ने मान्यता रहेको छ ।

# सामुदायिक खानेपानीमा करछुटको माग



**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**

खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुलाई कर छुट हुने कानुनी व्यवस्था गर्न माग गर्दै सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ज्ञापन बुझाइएको छ ।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल सप्तरीका अध्यक्ष संजय कुमार यादवले प्रमुख जिल्ला अधिकारीमार्फत सो ज्ञापन बुझाइएको हो ।

बुझाइएको ज्ञापनमा महासंघको अनुरोधमा आयकर ऐन २०५८ को दफा १०(ट) मा जलश्रोत ऐन २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकममा कर छुट हुने व्यवस्था रहेको थियो । तर आर्थिक विधेयक २०८१ को दफा ३६(२) मार्फत कर छुट हुने व्यवस्था हटाई खानेपानी जस्तो मौलिक हकको बस्तुमा नेपाल सरकारले कर लगाउने निर्णय गरेको प्रति यस महासंघको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

ज्ञापनमा भनिएको छ, "संयुक्त राष्ट्रसंघको महासभाले २८ जुलाई २०१० मा खानेपानी तथा सरसफाइलाई मानव अधिकारको रुपमा परिभाषित गरेको छ । नेपालको संविधानको धारा ३५ को उपधारा ४ मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी र सरसफाइमा पहुचको हक हुनेछ भनि मौलिक हकमै व्यवस्था गरिएको छ । मानव अधिकारको प्रत्याभुत गर्न र नेपालको संविधान बमोजिम मौलिक हकको कार्यान्वयनका लागि खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुले गैर नाफामुलक सामुदायिक संस्थाको रुपमा खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउन र त्यसलाई दीगो राख्न प्रयत्नसिल रहेको व्होरा सर्व विदितै छ ।"

त्यस्तै खानेपानीमा कर छुटका सम्बन्धमा संघिय संसद, राष्ट्रिय सभाबाट समेत संकल्प प्रस्ताव पारित भएको र सम्माननीय राष्ट्रपतिज्यूले समेत चासो राख्नु भएको विषय जलश्रोत ऐन २०४९, खानेपानी तथा सरसफाइ ऐन २०७९ र स्थानीय सरकार संचालन ऐन २०७४ अन्तर्गत विधिवत दर्ता भएका मुनाफारहित र सामुदायिक सेवा प्रदान गर्ने खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समूह/समितिद्वारा संचालित आधारभूत मानब अधिकार र मौलिक हकको रुपमा रहेको सामुदायिक खानेपानीमा करछुट । विद्युत महसुलमा छुट हुने व्यवस्था गरिदिनु हुन देशभरका ४५ हजार खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको प्रतिनिधिमुलक राष्ट्रिय छाता संगठन खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल (फेवासन) जिल्ला महासंघ सप्तरीको तर्फबाट अनुरोध गरिएको छ ।

# गोली प्रहारबाट किशोरीको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, ३० असार ।**

सुनसरीको हरिनगर गाउँपालिका-६, घुस्कीमा गएराति गोली प्रहारबाट एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा हरिनगर ६ कि १७ वर्षीया किशोरी अर्चना खातुन रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक योगराज खतिवडाले जानकारी दिएका छन् ।

घरेलु विवाद हुँदा भारत अररिया घर भएका २५ वर्षीय आजाज मियाँले गोली प्रहार गरेका जनाइएको छ । गोली प्रहारबाट अर्चनाको घटनास्थलमै मृत्यु भएको उनले बताए ।

गोली प्रहार गरेलगत्तै आरोपी मियाँ फरार भएको र खोजी भइरहेको प्रहरीले जनाएको छ । भारतको सुपौल र सुनसरीको हरिनगर नाकासहित सीमावर्ती क्षेत्रमा खोजतलास र निगरानी तीव्र पारिएको प्रहरीले जनाएको छ ।

## सम्पादकीय

### वैकल्पिक उपाय आवश्यक

लामो समयदेखि वर्षा नहुँदा गर्मी बढेर जनजीवन कष्टकर बन्दै गएको छ। वर्षा नहुदा किसानहरु चिन्तित भएका छन्। धानको बेर्ना समेत सुकेका छन्। खेतीका लागि तयार पारिएको खेतसमेत वर्षा नहुँदा रित्तै छन्। पानीको समस्याले अहिले किसानहरु त्राहिमाम छन्। सिंचाईको उचित व्यवस्था र सरकारको दिर्घकालिन सोचको अभावमा किसानहरु मारमा परेका छन्। सोही सन्दर्भमा इन्द्र देवतालाई खुशी पार्न जट-जटिन धार्मिक सांस्कृतिक कार्यक्रम तथा पुजापाठ शुरु गरिएको छ। सप्तरीको कन्चनरुप नगरपालिका १ बैरवास्थित पञ्जियार टोलमा शुक्रबार मध्यराती स्थानिय महिलाहरुको अगुवाईमा पानी माग्दै इन्द्र देउतालाई खुशी पार्न जट-जटिन धार्मिक सांस्कृतिक कार्यक्रम र पुजापाठ गरियो।

मध्यरातमा जट-जटिन सांस्कृतिक कार्यक्रम तथा पुजापाठ गरेमा इन्द्र देउता खुशी भई पानी पारिदिने जनविश्वास रहेको छ। अत्याधिक गर्मी बढेसंगै खेतीबाली, बोट विरुवा, पानीका मुहान र खेत सुक्न थालेका कारण पानीको माग गर्दै स्थानिय महिलाले सामूहिक रुपमा वैदिक विधिपूर्वक यस्तो पुजापाठ गरिएको हो। महिलाहरुले जट-जटिन नृत्य गीतका साथै इन्द्र देउताको बैदिक मन्त्र पाठ तथा अन्य पुजा विधि गरेका थिए।

असार वित्न लागेपनि बर्षा नहुँदा सप्तरीका किसानहरु रोपाई गर्न पाएका छैनन्। बर्षा नहुँदा जिल्लामा हाल सम्म १६ प्रतिशत जग्गामा मात्र धान रोपाई हुन सकेको छ। तसर्थ हरेक वर्ष खेतीको समयमा आउने यस्तो विपद्ले किसानका साथै आमनागरिक समेत पिरोलिन्छन्। यसका लागि तीनै तहका सरकारले खेतीका लागि सिचाईको वैकल्पिक उपाय निकाल्न गम्भिर हुनु आवश्यक छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# किन घट्यो पूर्वमा धान रोपाइँ ?

**प्रगति ढकाल**

काठमाडौँ, ३० असार (राससः)।

नेपालको पूर्वी क्षेत्रमा धान रोपाइँ गत वर्षको तुलनामा यस वर्ष उल्लेख्य रूपमा घटेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि विभागका अनुसार यही असार २९ गतेसम्म गत वर्षको तुलनामा यस वर्ष कोशी प्रदेशमा २० दशमलव ४ प्रतिशत विन्दु र मधेस प्रदेशमा २७ दशमलव ७ प्रतिशत विन्दु कम रोपाइँ भएको छ।

विभागका अनुसार मुलुकभर धान रोपाइँ हुने क्षेत्रफल १३ लाख ८३ हजार ७३२ रहेकामा हालसम्म ५९ प्रतिशत अर्थात् आठ लाख १६ हजार ४०५ दशमलव सात हेक्टरमा रोपाइँ सम्पन्न भएको छ। गतवर्ष भने सोही अवधिमा ६७ दशमलव ६ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो। गत वर्षको तुलनामा यस वर्ष आठ दशमलव छ प्रतिशत बिन्दुले रोपाइँ कम भएको देखिन्छ।

कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले नेपालको पूर्वी क्षेत्रमा धान रोपाइँका लागि सुखद मनसुन नहुँदा रोपाइँ कम भएको बताउनुभयो। "यसवर्ष कतै मनसुन प्रतिकूल त कतै अनुकूल बन्दा धान रोपाइँको अवस्थामा पनि गत वर्षको तुलनामा कुनै प्रदेशमा कम त कुनै प्रदेशमा बढी रहेको देखिएको छ", उहाँले भन्नुभयो, "पूर्वी तराईमा मनसुन छिटो सुरु भए पनि वर्षा कम भयो, आकाशे पानी कुरेर बस्नुपर्ने किसानका बाध्यताका कारण रोपाइँ कम भएको हो।"

विभागका अनुसार असार २९ गतेसम्म सबैभन्दा बढी रोपाइँ सुदूरपश्चिम प्रदेशमा र सबैभन्दा कम रोपाइँ मधेस प्रदेशमा भएको देखिएको छ। "सामान्यतया सुदूरपश्चिम प्रदेशमा सबैभन्दा छिटो रोपाइँ सुरु हुने र मधेसमा ढिला रोपाइँ सुरु हुने गर्छ, यस वर्ष पनि मधेसमा कम र सुदूरपश्चिममा बढी रोपाइँ भएकोछ", महानिर्देशक सञ्जेलले भन्नुभयो।

**कुन प्रदेशमा कति रोपाइँ ?**

कोशी प्रदेशमा दुई लाख ७६ हजार ३८६ हेक्टरमध्ये हालसम्म ४१ दशमलव ३२ प्रतिशत अर्थात् एक लाख १४ हजार २२१ दशमलव ४ हेक्टरमा रोपाइँ भएको छ। प्रदेशमा गतवर्ष सोही अवधिमा ६१ दशमलव ७ प्रतिशत रोपाइँ भएको थियो।

विभागका अनुसार मधेस प्रदेशमा तीन लाख ७२ हजार ६४५ हेक्टरमध्ये हालसम्म ३३ दशमलव ८ प्रतिशत अर्थात् एक लाख २५ हजार ८८८ दशमलव ६ हेक्टरमा रोपाइँ भएको छ। गतवर्ष सोही समयमा प्रदेशमा ६१ दशमलव ५ प्रतिशत रोपाइँ भइसकेको थियो।

बागमती प्रदेशमा एक लाख २० हजार ५४५ हेक्टरमध्ये हालसम्म ९१ हजार ९८३ दशमलव नौ हेक्टर क्षेत्रमा रोपाइँ सकिएको छ। जुन ७६ दशमलव ३१ प्रतिशत हो। प्रदेशमा गत वर्ष सोही अवधिमा ७० दशमलव छ प्रतिशत रोपाइँ भएको विभागको भनाइ छ।

गण्डकी प्रदेशमा ९४ हजार १८२ हेक्टरमध्ये हालसम्म ६६ दशमलव ९९ प्रतिशत अर्थात् ६३ हजार ९१ हेक्टर क्षेत्रमा रोपाइँ भइसकेको छ। प्रदेशमा गत वर्षको सोही अवधिमा ६७ दशमलव ४ प्रतिशत रोपाइँ भएको थियो।

लुम्बिनी प्रदेशमा हालसम्म ७३ दशमलव ७ प्रतिशत रोपाइँ सम्पन्न भएको छ। प्रदेशमा तीन लाख दुई हजार ९३९ हेक्टरमध्ये हालसम्म दुई लाख २३ हजार २१२ हेक्टरमा रोपाइँ भएको हो। प्रदेशमा गतवर्षको यही समयसम्म ६६ दशमलव ७ प्रतिशत रोपाइँ भएको थियो।

कर्णाली प्रदेशमा ४० हजार ८८४ हेक्टरमध्ये हालसम्म ८३ दशमलव २३ प्रतिशत अर्थात् ३४ हजार २५ दशमलव ९ हेक्टरमा रोपाइँ सम्पन्न भएको हो। प्रदेशमा गतवर्ष यो समयसम्म ८६ दशमलव २ प्रतिशत रोपाइँ भएको थियो।

विभागका अनुसार सुदूरपश्चिम प्रदेशमा असार २९ गतेसम्म ९३ दशमलव एक प्रतिशत रोपाइँ पूरा भएको छ। प्रदेशमा एक लाख ७६ हजार १५१ हेक्टरमध्ये हालसम्म एक लाख ६३ हजार ९९३ हेक्टरमा रोपाइँ सम्पन्न भएको हो। प्रदेशमा गतवर्ष यही अवधिसम्म ८६ प्रतिशत रोपाइँ भएको थियो।

कृषि तथा पशुपक्षी मन्त्रालयका अनुसार झन्डै ५० प्रतिशत धान रोपाइँ मनसुनी वर्षाकै भरमा सम्पन्न हुने गरेका छन्।

**पूर्वमा औसतभन्दा कम वर्षा**

जल तथा मौसम विज्ञान विभागअन्तर्गत हावापानी विज्ञान महाशाखा (हावापानी विश्लेषण शाखा)का अनुसार मनसुन अवधिमा मुलुकभर १४ सय मिलिमिटर सरदर वर्षा हुने गरेकोमा हालसम्म करिब चार सय मिलिमिटर अर्थात मनसुन अवधिमा हुने वर्षाको २७ प्रतिशत वर्षा भएको छ।

विभागको जनकपुर, सिमरा, विराटनगरलगायत वर्षा मापन केन्द्रको तथ्याङ्क हेर्दा यी मापन केन्द्रहरूमा औसतभन्दा कम वर्षा भएको छ। "जनकपुरमा यस मनसुन सुरु भएयता ११ प्रतिशत र अर्थात् १०० मिलिमिटर वर्ष भएको छ। जनकपुरमा मनसुन अवधिमा औसत ११ सय मिलिमिटर वर्षा हुनुपर्ने तथ्याङ्क छ", विभागले भनेका छ, "यसैगरी विराटनगरमा १५ प्रतिशत अर्थात् एक सय ५० मिलिमिटर वर्षा भएको छ। मनसुन अवधिभर यस क्षेत्र १४ सय मिलिमिटर वर्षा हुने गर्छ। यी क्षेत्रमा औसतभन्दा कम वर्षा भएको छ।"

पोखरामा अहिलेसम्म २२ प्रतिशत अर्थात् छ सय मिलिमिटर वर्षा भयो। मनसुन अवधिभर यस क्षेत्रमा तीन हजार मिलिमिटर वर्षा हुने गरेको छ। धनगढीमा ३५ प्रतिशत वर्षा भएको देखिन्छ। धनगढी, सुर्खेत, भैरहवा, लुम्ले, जुम्ला, दाङ, काठमाडौँमा औसत वर्षा भइसकेको छ।

**पूर्वतिर वर्षाको गतिविधि बढ्दैछः मौसमविद्**

विभागअन्तर्गत मौसम पूर्वानुमान माहाशाखाका मौसमविद् डेबिड ढकालले न्यून चापीय रेखा सरदर स्थान आसपासमा रहेका कारण पूर्वमा कम वर्षा भएको बताउनुभयो। "यसवर्ष पूर्वी क्षेत्रमा गत वर्षको तुलनामा कम वर्षा भएको छ। सरदरभन्दा कम वर्षा भएका कारण पनि रोपाइँ कम भएको हो", उहाँले भन्नुभयो, "तर अब पूर्वतिर वर्षा गतिविधि बढ्दैछ।"

जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले जलवायु परिवर्तनका कारण कहिले कम वर्षा, कहिले भारी र कहिले अति भारी वर्षा हुने तथा मनसुन छिटो सुरु भए पनि सक्रिय हुननसक्ने जस्ता परिवर्तन देखिँदै गएको बताउनुभयो। "अहिले पूर्वी क्षेत्रमा कम वर्षा हुँदा धान रोपाइँमा असर परेको छ, अब सिँचाइ सुविधा पुऱ्याउनुपर्ने तथा जलवायुमैत्री कृषि प्रणाली अपनाउनुपर्ने आवश्यकता छ", उहाँले भन्नुभयो।

यस वर्ष नेपालमा मनसुन सरदरभन्दा १५ दिनअघि जेठ १५ गते पूर्वी नेपालबाट प्रवेश गरी असार ६ गते देशभर फैलिएको थियो। सामान्यतया जुनदेखि सेप्टेम्बरसम्मको चार महिनालाई मनसुन ऋतु भनिन्छ।

# स्वास्थ्य बिमा क्षेत्रमा पुनःविचार गरिनेछ : प्रधानमन्त्री

काठमाडौँ, ३० असार (रासस)।

प्रधानमन्त्रकी केपी शर्मा ओलीले स्वास्थ्य बिमा क्षेत्रमा पुनःविचार गरिने बताउनुभएको छ।

त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालको ४३औँ वार्षिकोत्वसका अवसरमा सोमबार आयोजित समारोहमा प्रधानमन्त्री ओलीले स्वास्थ्य बिमाका नाममा कतिपय अवस्थामा दुरुपयोग हुने गरेको पाइएको बताउँदै उहाँले औचित्य पुष्टि हुने गरी स्वास्थ्य बिमा कार्यक्रममा पुनरावलोकन गरिने जनाउनुभएको हो।

उहाँले निरोगी नेपाल अभियान र बिरामीलाई सही उपचार गराउने काममा थप सफलता हासिल गर्न त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताललाई आग्रह पनि गर्नुभयो।

नेपाली जनताको सेवा गर्ने मामिलामा सर्वोत्कृष्टता हासिल गरेको यस अस्पतालले दक्ष जनशक्ति उत्पादन, स्वास्थ्य उपचार र स्वास्थ्य सेवाका क्षेत्रमा अस्पतालले अझै सफलता हासिल गर्दै जानुपर्नेमा जोड दिनुभयो।

"मानिसहरू बिरामी भएपछि चिकित्सक, नर्स र अस्पतालप्रति विश्वास र आशा गर्छन्। अस्पताल पुगेपछि बिरामीले बाँच्छु भन्ने आशा राखेको हुन्छ। त्यो विश्वासलाई पूरा गर्नु तपाइँहरूको दायित्व हो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "नर्सहरूको हातमा जादु हुन्छ। बिरामीलाई उपचार गर्न औषधिले मात्रै होइन, नर्सको मृदुभाषीपन र राम्रो व्यवहारले पनि बिरामीलाई निको पार्छन्। ठीक औषधि, ठीक मात्रामा र ठीक समयमा औषधि खान चिकित्सकले गर्ने सिफारिसका आधारमा औषधिलाई खुवाउने र स्याहार सुसार गर्ने काम नर्सहरूको हो।"

कार्यक्रममा प्रधानमन्त्री ओलीले अस्पतालको विस्तार सेवा भवन निर्माणमा सहयोग गर्ने भाटभटेनी सुपर मार्केटका प्रबन्ध निर्देशक मीनबहादुर गुरुङलाई सम्मान प्रदान गर्नुभएको थियो। अस्पतालको वार्षिकोत्सवका अवसरमा सोमबारै सो नयाँ सेवा भवनको प्रधानमन्त्री ओलीबाट उद्घाटन भएको थियो।

# जसपा नेपालद्वारा सदन बहिष्कार

**दैनिक समाचारदाता**

**राजविराज, ३० असार।**

जनता समाजवादी नेपाल (जसपा)ले बजेटमा आर्थिक अपराध गरेको भन्दै अर्थमन्त्री सुनिल यादवको राजीनामा मागेको छ। सो पार्टीले मन्त्री यादवको राजीनामा माग गर्दै सोमबार सदन समेत बहिष्कार गरेको छ।

सोमबार बिहान जसपाले बैठक सुरु हुने बित्तिकै अर्थमन्त्री यादवको राजीनामाको माग गर्दै बैठक बहिष्कार गरेको हो। पूर्वमुख्यमन्त्री यादवले अर्थमन्त्री यादवबाट २९४ वटा पेज नै रेडबुकमा नराखेर सदन छलेको आरोप लगाए।

उनले भने, 'सदनमा उपलब्ध गराइएको २९४ पेजको रेडबुकमा ८ हजार योजना राखिएको छैन, अर्थ मन्त्रालयको इन्ट्रीमा भने ७५५ वटा राखिएको छ। जुन आर्थिक अपराध हो।'

मूलतः यही गडबडी

बाँकी तीन पृष्ठमा

# प्रदेश भाषा र लोपोन्मुख भाषा वक्ताका पीडा

**गणेश राई**

काठमाडौँ, ३० असार (रासस)।

भाषा आयोगले सात प्रदेशमा १२ वटा भाषा प्रादेशिक सरकारी कामकाजको भाषा हुनसक्ने भन्दै सिफारिस गरेको आधा दशकभन्दा बढी भएको छ। सिफारिअनुसार बागमती प्रदेशले 'प्रदेश भाषा ऐन, २०८१' जारी गर्दै तामाङ र नेपाल भाषा सरकारी कामकाजको भाषा घोषणासहित कार्यान्वयनका क्रममा रहेको छ। गण्डकी प्रदेशसभाले यही २०८२ असार २४ गते 'प्रदेश सरकारी कामकाजको भाषा विधेयक' पारित गर्दै मगर र गुरुङ भाषालाई प्रादेशिक सरकारी कामकाज घोषणा गरेको छ। आयोगबाट सातवटै प्रदेशमा कुल १२ वटा भाषा सरकारी कामकाजको भाषाका रूपमा सिफारिस गरिएकामा दुई प्रदेशमा दुई-दुईवटा भाषाहरू प्रदेश सरकारी कामकाजको भाषाका रूपमा मान्यता प्राप्त भई नेपालको भाषिक इतिहासमा सफलतम् अभ्यास सुरु हुन पुगेको छ।

साथै, अन्य पाँच प्रदेशमध्ये कोशी प्रदेश र मधेश प्रदेशमा भाषा विधेयक तयार भई पारित हुने प्रक्रियामा छन्भने लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पनि प्रदेश सरकारी कामकाजको भाषासम्बन्धी कानुनी तर्जुमाको प्रक्रिया अघि बढेको देखिन्छ। भाषिक सङ्घीयताको दृष्टिले नेपालका प्रदेशहरूमा सम्बन्धित प्रदेशमा बहुसङ्ख्यक जनताले बोल्ने एकभन्दा बढी भाषा सरकारी कामकाजको प्रयोगमा आउनु अत्यन्त सुखद पक्ष हो।

तथ्याङ्कअनुसार मुलुकमा १४२ जातजाति र १२४ भाषा छन्। बहुसङ्ख्यकले बोल्ने भाषाहरू प्रदेश सरकारी कामकाजको भाषा घोषणा भएपछि अब थप समृद्धितर्फ अघि बढ्नेछन्। ती भाषाहरू बोल्ने समुदायको पहिचान सुनिश्चित हुनेछ। ती बोल्न जान्ने, पढ्ने, लेख्न जान्ने युवा पुस्ताहरूले अवसर पाउनेछन्। साहित्य स्रष्टा, सङ्गीत स्रष्टा, इतिहास अभिलेखनमा थप गाढापन छाउँदै जानेछ। जेनजी पुस्ताले बहुसङ्ख्यक रहेको आफ्ना मातृभाषाको प्रवर्द्धनमा दिलोज्यान दिनेछन्। ठीक विपरीत नेपालका अल्पसङ्ख्यक भाषाहरू दिनानुदिन विलयतर्फ जाँदैछन्। २०७३ सालमा भाषा आयोग गठन भएपछि मुलुकको भाषाहरूको अध्ययन, अनुसन्धान गरी अवस्थाको वर्गीकरण गरेको छ। त्यसमध्ये १० वटा लोपोन्मुख भाषाको संवर्द्धनमा काम गर्दैआएको आयोगले जनाएको छ। यसमा इलामको लुङखिम, खोटाङको तिलुङ, सिन्धुलीको हायु, दोलखाको सुरेल, लमजुङको दुरा, गोरखा र धादिङको बराम (बालकुरा), दाङ र सुर्खेतको कुसुन्डा तथा राउटे भाषा संरक्षण अभियान सञ्चालन भएको छ।

बराम (बालकुरा) भाषा बोल्ने एक हजार ५३९ जना छन्। यो भाषा बचाउन अध्ययन अनुसन्धान भए पनि समुदाय जागरुक छैन। समुदायका प्रतिनिधिका अनुसार बरामको सामूहिकताका निम्ति आंशिक रूपमा भौतिक पूर्वाधार बनेको छ। तर मातृभाषामा पढाइलेखाइ गरेर जागिर नपाइने र सरकारी सेवामा प्रवेशमा सहयोग नपुग्ने भएकाले आकर्षण नरहेको बुझाइ रहेको छ। लोपोन्मुख लुङखिम राई भाषा बोल्ने ७०२ जना छन्। तर समाजमा लुङखिम राई भाषा बोल्न जान्ने दुई जना मात्र छन्। तीन वर्षदेखि समुदायमाझ हरेक वर्ष डेढमहिने भाषा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ। सहभागीहरूले भाषा कक्षामा रहेसम्म अभ्यास गर्छन् भने घर फर्किएपछि व्यवहारमा उतार्न भने सहज मान्दैनन्। यसको मुख्य कारण भाषा रोजगारीसँग नजोडिनु हो। भाषा अर्थोपार्जनसँग नजोडिएकाले दैनिक जीवनमा लागू हुन सकेको छैन।

कुसुन्डा भाषा बोल्ने जम्मा २३ जना छन्। थोरै जनसङ्ख्या भएको कुसुन्डालगायत समुदायप्रति राजनीतिक पार्टी र सरकारको दृष्टि नपुग्ने सम्बन्धित समुदायले अनुभूत गरेका छन्। स्थानीय सरकारसँग बजेट माग्न जाँदा किन चाहियो तपाईंलाई भाषा ? देश कहाँबाट कहाँ पुगिसक्यो। अरु जागिर खाने कुरा गर्नोस्। भाषा सिकेर के हुन्छ ? के पाइन्छ ? के फाइदा छ ? कसले बुझ्छ तपाईंको भाषा ? भन्छन्। तर, भाषा हराएसँगै कुसुन्डाको पहिचान हराउने अवस्था छ।

भाषाशास्त्रीको भनाइमा भाषा अभिलेखीकरणले मात्र बाँच्दैन। लोप भएर पछि खोज्न सजिलो हुनका लागि मात्र अभिलेखीकरण हो। लोपोन्मुख भाषाहरूको प्रयोगमा सम्बन्धित समुदायको संलग्नता अनिवार्य हुनुपर्छ। भाषा संरक्षण गर्न उनीहरू आफैँले प्रयोग गर्नुपर्छ। अभिलेखीकरण भन्नाले शब्द सङ्कलन, शब्दकोश निर्माण, व्याकरण निर्माण र प्रकाशन मात्र बुझ्ने गरिएको छ। यसको दायरा फराकिलो गरी श्रव्य, दृश्यसहित अभिलेखीकरण गर्नु अहिलेको आवश्यकता हो। यसलाई प्राथमिकता दिन जरुरी छ। तर समुदायमा भाषा सिकेर के हुन्छ ? हामीले के पाउँछौं ? भन्ने प्रश्नले भाषा संरक्षणमा सहयोग पुग्दैन। संविधानले भनेजस्तो मुलुकमा बोलिने सबै भाषा राष्ट्रभाषा हुन् भन्ने शब्दलाई राज्यले व्यवहारमा उतार्ने प्रयास गरेको छैन। कुनै पनि भाषा मुलुकको सम्पदा हो भने राज्यले त्यसैअनुसार नीति, कार्ययोजना, कार्यक्रम र बजेटको तर्जुमा गरेर सम्बन्धित मातृभाषी समुदायको शिरउभौनी गर्न जरुरी छ। सङ्घ, प्रदेशमात्र नभई दायित्व स्थानीय निकायको दायित्व दरिलो तुल्याउन जरुरी छ।

भाषाविद्का अनुसार सैद्धान्तिक रूपमा एक लाखभन्दा कम वक्ता रहेका सबै भाषा लोपोन्मुख भाषा हुन्। लाखभन्दा बढी वक्ता रहेको भाषा सुरक्षित भाषा मानिन्छ। एक लाखभन्दा बढी वक्ता रहेका भाषा २० वटा मात्र छन्। त्यसमा नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ, नेवाः (नेपाल), बज्जिका, मगर ढुट, डोटेली, उर्दू, अवधी, याक्थुङ (लिम्बू), गुरुङ, बैतडेली, अछामी, बान्तावा, राजवंशी, शेर्पा, मगही, खस पर्दछन्। व्याकरण र शब्दकोशले मात्र भाषा बाँच्दैन। लोपोन्मुख जातिका भाषा बचाउन सकिने उपाय अपनाएनौं भने भोलि तिनको अस्तित्व मेटिने खतरा छ। तसर्थ, भाषा वक्ताहरू एकै ठाउँ बसोबास गर्नुपर्छ भन्ने छैन। जहाँ रहे पनि 'डिजिटल' प्रयोगबाट भाषा संरक्षणका लागि पहल गर्न सकिन्छ।

भाषा र संस्कृतिसम्बन्धी काम गर्ने दर्जनौं निकाय छन्। वार्षिक अर्बौं खर्च गर्छन्। तर त्यो बजेटको कुनै परिणाम देखिँदैन। भाषा, साहित्य, संस्कृतिका विषयसँग सम्बन्धित निकायहरूमा सङ्घीय शिक्षा मन्त्रालय, संस्कृति मन्त्रालय, भाषा आयोग, आदिवासी जनजाति आयोग, थारू आयोग, मधेशी आयोग, समावेशी आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, नेपाल प्रज्ञा-प्रतिष्ठान, प्रदेश मन्त्रालयहरू, स्थानीय निकायहरू, स्थानीय निकायअन्तर्गतका प्रज्ञा-प्रतिष्ठानहरू छन्। औपचारिक पठनपाठनमा पाठ्यक्रम विकास केन्द्रले उत्पादन गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक पठनपाठन हुने साधारण धारका विद्यालयहरू, गुरुकुलीय संस्कृत पाठशालाहरू, बौद्ध गुम्बा शिक्षा, मदरसा शिक्षालयहरू छन्। त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयलगायत दर्जनभन्दा बढी विश्वविद्यालयहरू छन्। तर ती निकायहरूले अल्पसङ्ख्यक, लोपोन्मुख समुदायका मातृभाषाबारे ठोस काम गर्न सकिरहेका छैनन्।

यसैगरी, संयुक्त राष्ट्रसङ्घले सन् २०२२-२०३२ लाई अन्तरराष्ट्रिय आदिवासी भाषा दशक घोषणा गरेको छ। नेपाल पक्ष राष्ट्र भएकाले त्यसबारे तालुकदार सङ्घीय मन्त्रालयले कार्ययोजना बनाएको हुनुपर्छ। तर प्रदेश र स्थानीय तहमा त्यसको कुनै कार्यक्रम पुगेको छैन। समुदायमा त्यससम्बन्धी कुनै कार्यक्रम लागू भएको छैन। भाषाशास्त्री भन्दैआएका छन्, भाषासँगै संस्कृति जोडिने भएकाले भाषा नरहे हामी नेपाली रहँदैनौं। एउटा भाषा मर्दा अर्को भाषामा प्रभाव पर्छ। संविधानमा भएको मीठो घुमाउरो भाषाले मात्र काम गर्दैन। सङ्घीय भाषा नीति आवश्यक छ। हरेक पालिकाले जाति भाषिक सर्वेक्षण गर्न जरुरी छ। त्यसको जनघनत्वअनुसार लगानी गर्न आवश्यक छ।

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्र बनेको दुई दशक हुन लागेको छ। नेपालको अन्तरिम संविधान, २०६३ र त्यसपछि जारी नेपालको संविधान (२०७२)ले मुलुकमा बोलिने सबै मातृभाषा राष्ट्रभाषाको सङ्ज्ञा दिएको छ। भाषा आयोग गठनपछि आयोगले भाषा ऐनको मस्यौदा सरकारलाई बुझाएको धेरै भएको छ। तर अहिलेसम्म सङ्घीय भाषा ऐन जारी भएका छैन। सङ्घीय भाषा ऐन जारी हुनसके त्यसले सङ्घीयतालाई सम्बोधन गर्न सक्छ। प्रादेशिक भाषा ऐनले मात्र मुलुकको भाषाहरू संरक्षणमा तागत पुग्न सक्दैन। तसर्थ, सङ्घीय भाषा ऐन पहिलो आवश्यकता हो। हरेक प्रदेश तथा स्थानीय सरकारले मातृभाषी समुदायहरूलाई भाषाको महत्व बुझाउने नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जरुरी छ। यसैगरी, मातृभाषा बोल्ने समुदायको जीविकोपार्जन क्रम लेखपढ कार्यलाई रोगजारीसँग जोडिनुपर्छ। भाषा, साहित्य, संस्कृतिमा जीवन अर्पण गर्दै आएकाहरूको उचित लेखाजोखा हुनुपर्छ। (लेखक गणेश राई पत्रकार तथा मातृभाषा अभियन्ता हुन्)

*जसपा नेपालद्वारा ...*

गरेको कारणले अर्थमन्त्रीको राजीनामाको माग गर्दै आफूहरूले सदन बहिष्कार गरेको पूर्व मुख्यमन्त्री यादवले बताए। जसपाले सदन बहिष्कार गरे पनि प्रदेश सभाको बैठक भने जारी रहेको छ।

जारी बैठकमा अर्थमन्त्री यादवले विनियोजन विधेयक छलफलका लागि सदनमा पेस गरेका छन्। त्यसमाथि अहिले बैठकमा छलफल चलिरहेको छ।

## विश्व समाचार

### भारतमा आँप बोकेको लरी पल्टिँदा नौ जनाको मृत्यु, ११ घाइते

नयाँदिल्ली, ३० असार (रासस/सिन्ह्वा)।

दक्षिणी भारतीय राज्य आन्ध्र प्रदेशमा आँप बोकेको लरी पल्टिँदा कम्तीमा नौ जनाको मृत्यु हुनुका साथै अन्य ११ जना घाइते भएको प्रहरीले सोमबार जनाएको छ।

आन्ध्र प्रदेशको राजधानी अमरावतीबाट करिब ३८७ किलोमिटर दक्षिणपश्चिममा रहेको अन्नामया जिल्लाको पुल्लमपेटा क्षेत्रमा आइतबार राति दुर्घटना भएको हो।

"करिब ४० टन आँप तथा २० जना कामदारहरू लोड गरेको माथि बसेको लरीले नियन्त्रण गुमाइ दुर्घटना भएको एक प्रहरी अधिकारीले बताएका छन्। प्रहरीले लरी पल्टिएपछि आँपका टोकरीहरू मजदुरहरू माथि परेका कारण केहीको निधन भएको र केही कामदार घाइते भएको जनाएको छ।

दुर्घटनापछि स्थानीय र आपतकालीन कर्मचारीले घाइतेहरूलाई उद्धारका गरी अस्पताल पुऱ्याएको जनाएका छन्।

प्रहरीले ओभरलोडिङ्का कारण दुर्घटना भएकको जनाएको छ भने दुर्घटनाबाट बाँचेका चालकले विपरीत दिशाबाट आउँदै गरेको कारमा ठोक्किनबाट बच्ने प्रयास गर्दा लरीले नियन्त्रण गुमाएको बताएका छन्।

### गाजामा भएको इजरायली आक्रमणमा ४३ जनाको मृत्यु, शान्ति वार्ता स्थगित

गाजा, ३० असार (रासस/एएफपी)।

गाजाको पानी वितरण केन्द्रमा भएको इजरायली हवाई आक्रमणमा केही बच्चासहित ४० जनाभन्दा बढी प्यालेस्टिनीको ज्यान गएको गाजाको नागरिक सुरक्षा निकायले जनाएको छ। उक्त निकायका अनुसार इजरायल र हमासबीचको युद्धविरामको लागि वार्ता हाललाई रोकिएको छ।

इजरायल र प्यालेस्टिनी लडाकु समूहका प्रतिनिधिमण्डलहरूले गाजा पट्टीमा २१ महिनादेखि चलेको युद्ध रोकी युद्धविराममा सहमतिका लागि एक हप्तादेखि वार्ता जारी राखेका थिए।

नागरिक सुरक्षा निकायका प्रवक्ता महमुद बासलले पानी वितरण केन्द्रमा भएको ड्रोन आक्रमणमा १० जना पीडितमध्ये आठ जना बालबालिका रहेको उल्लेख गर्नुभएको छ।

इजरायली सेनाले मध्य गाजाको नुसिरात शरणार्थी शिविरमा एक आतङ्ककारीलाई लक्षित गरी आक्रमण गर्दा 'प्राविधिक त्रुटि' भएको जनाउँदै 'हतियार लक्ष्यबाट दर्जनौं मिटर टाढा खसेको' बताएको छ।

वासिङ्टन इजरायलको शीर्ष सहयोगी हो भन्दै राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धविरामका लागि दबाव दिइरहेको र आफू सम्झौताको लागि आशावादी रहेको बताउनुभएको छ।

इजरायली नागरिक सुरक्षा निकायका प्रवक्ता बासलले भने युद्ध अन्त्यको तत्काल कुनै सङ्केत नभएको र आइतबार प्यालेस्टिनी क्षेत्रभरि भएको आक्रमणमा गाजा सहरमा ११ जनासहित कम्तीमा ४३ जनाको मृत्यु भएको बताउनुभएको छ।

हाल गाजाभरिसैन्य कारवाही तीव्र पारेको इजरायली सेनाले विगत २४ घण्टामा वायुसेनाले '१५० भन्दा बढी आतङ्ककारी लक्ष्यहरूमा आक्रमण गरेको' बताएको छ। गाजाको स्वास्थ्य मन्त्रालयले अधिकांश नागरिकसहित कम्तिमा ५८ हजार २६ जना प्यालेस्टिनीहरू इजरायलको जवाबी अभियानमा मारिएको जनाएको छ।

संयुक्त राष्ट्र सङ्घका निकायहरूले शनिबार इन्धनको अभाव 'गम्भीर स्तरमा' पुगेको र गाजाको २० लाखभन्दा बढी मानिसहरूको अवस्था थप बिग्रने खतरा रहेको चेतावनी दिएका छन्। इजरायल र हमासले एकअर्कालाई सम्झौता रोक्न खोजेको आरोप लगाएपछि शनिबार कतारको राजधानी दोहामा ६० दिने युद्धविराम र बन्धक मुक्तिका लागि वार्ता स्थगित भएको थियो।

गतिरोधको बावजुद, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भन्नुभयो "आशा छ, हामी अर्को हप्तामा यसलाई सुधार्ने छौं।" हमासले गाजाबाट इजरायली सेना पूर्ण रूपमा फिर्ता लिन चाहन्छ, तर वार्ताको जानकारी भएको प्यालेस्टिनी स्रोतले इजरायलले ४० प्रतिशतभन्दा बढी क्षेत्रमा सेना राख्ने योजना प्रस्तुत गरेको बताएको छ।

### इन्डोनेसियाको पूर्वी तटमा ६.७ म्यागिनच्युडको भूकम्प

जकार्ता, ३० असार (रासस/एएफपी)।

पूर्वी इन्डोनेसियामा सोमबार ६.७ म्यागिनच्युडको भूकम्प गएको तर सुनामीको खतरा नभएको अमेरिकी भूगर्भीय सर्वेक्षण (युएसजिएस) ले बताएको छ। भूकम्प पश्चिमी इन्डोनेसियाको समय (०५:४९ जिएमटी) दिउँसो १२:४९ बजे आएको थियो र यसको केन्द्र पूर्वी मालुकु प्रान्तको टुअल सहरबाट करिब एक सय ७७ किलोमिटर पश्चिममा ६६ किलोमिटर (४० माइल) गहिराइमा रहेको युएसजिएसले जनाएको छ।

प्यासिफिक सुनामी वार्निङ सेन्टरले सुनामीको कुनै खतरा नभएको र इन्डोनेसियाको जियोफिजिक्स एजेन्सीले सामाजिक सञ्जाल पोस्टमा भूकम्पले 'सुनामी निम्त्याउने सम्भावना नभएको' बताएको छ। तत्काल कुनै क्षति वा हताहतको खबर आएको छैन।

यो विशाल द्वीपसमूह राष्ट्रले प्रशान्त 'रिङ अफ फायर' मा आफ्नो स्थितिको कारणले गर्दा बारम्बार भूकम्पको अनुभव गर्छ। रिङ अफ फायर तीव्र भूकम्पीय गतिविधिको एक चाप हो जहाँ टेक्टोनिक प्लेटहरू टकराइरहन्छन्। यो जापानदेखि दक्षिणपूर्व एसिया हुँदै प्रशान्त बेसिनसम्म फैलिएको छ।

जनवरी २०२१ मा सुलावेसीमा आएको ६.२ म्यागिनच्युडको भूकम्पले एक सयभन्दा बढीको ज्यान लिएको थियो भने हजारौं घरबारविहीन भएका थिए। सन् २०१८ मा सुलावेसीको पालुमा ७.५ म्यागिनच्युडको भूकम्प र त्यसपछिको सुनामीले दुई हजार दुई सयभन्दा बढीको ज्यान लिएको थियो। सन् २००४ मा इन्डोनेसियाको आचे प्रान्तमा ९.१ म्यागिनच्युडको भूकम्प आएपछि एक लाख ७० हजारभन्दा बढीको ज्यान गएको थियो।

# राजदेवी रोयल्स र तिरहुत टाइगर्स सेमिफाइनलमा प्रवेश




**दैनिक समाचारदाता**
**राजविराज, ३० असार ।**
राजविराजमा संचालित ७औं सिजनको सप्तरी प्राइड लिग चरणको खेलबाट राजदेवी रोयल्स र तिरहुत टाइगर्स सेमिफाइनलमा प्रवेश गरेको छ ।

सोमबार सम्पन्न खेलमा समूह 'ए' बाट राजविराज राजदेवी रोयल्स र समूह 'बि' बाट डिफेन्डिङ च्याम्पियन समेत रहेको तिरहुत टाइगर्स सेमीफाइनल प्रवेश गरेका हुन् ।

राजविराज राजदेवी रोयल्स र राजगढ वारियर्स बीचको पहिलो खेल वर्षाका कारण नतिजाविहिन रहँदा दोश्रो खेलमा तिरहुत टाइगर्सले रुपनी राइडर्सलाई पराजित गरेको छ । नतिजा नआउदा राजविराज राजदेवी रोयल्स र राजगढ वारियर्सले १/१ अंक बाँडेका हुन् ।

पवि स्कुल मैदानमा टस हारेर ब्याटिंग गरेको राजबिराज राजदेवी रोयलले १४. १ ओभरमा ४ विकेट गुमाएर १५० रन बनाएको थियो । त्यसपछि लगातार वर्षा हुँदा खेल नतिजाविहिन टुंगिएको हो ।

राजविराज राजदेवी रोयल्सको लागि ओपनर रोहन बिकले सर्वाधिक ५१ रन बनाए जुन क्रममा उनले आक्रामक ब्याटिंग गर्दै २४ बलमा ४ चौका र ४ छक्का प्रहार गरे। बसन्त यादवले अविजित २८, दिवान पुनले २०, अभिषेक तिवारीले अविजित १५ तथा प्रविन यादवले १४ रन बनाए ।

राजगढ वारियर्सको बलिंगमा रोशन यादवले सर्वाधिक ३ विकेट लिएका थिए जुन क्रममा उनले ३ ओभरमा २९ रन खर्चिए । बिकी पासवानले १ विकेट लिए ।

सोमबारको दोश्रो खेलमा तिरहुट टाइगर्सले रुपनी राइडर्सलाई १० विकेटले पराजित गर्यो ।

वर्षाका कारण १२ ओभरमा घटाइएको खेलमा टस जितेर ब्याटिंग गरेको रुपनी राइडर्सले ९.४ ओभरमा ५८ रन मात्र बनाउन सकेको थियो । ५९ रनको सामान्य लक्ष्य तिरहुट टाइगर्सले विकेट नगुमाई भेटायो ।

टाइगर्सका ओपनर अविनाश कर्णले अविजित ३९ रन बनाए जुन क्रममा उनले २३ बलमा ५ चौका र २ छक्का प्रहार गरे। अर्का ओपनर भोला शाह ११ रनमा अविजित रहेतयर ।

यस अघि पहिलो इनिंग्समा तिरहुट टाइगर्सका बलर चित्र बहादुर बिस्ट एक्लैले ५ विकेट लिदै राइडर्सलाई सस्तोमै समेट्न अहम भूमिका निभाए ।

प्लेयर अफ द म्याच बिस्टले ३ ओभरमा १२ रन खर्चेर माथिल्लो क्रम ध्वस्त पारे । यस्तै अजय यादवले ३ विकेट लिए जुन क्रममा २.४ ओभरमा १० रन खर्चिए । अनिल यादवले १ विकेट लिए ।

राइडर्सको ब्याटिंगमा बिकी चौधरीले १५ तथा बिशाल पटेलले १० रन बनाउनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

उक्त अवसरमा प्लेयर अफ दि म्याच चित्र बहादुर बिष्ट तथा गेम चेन्जर अजय यादवलाई राजबिराज नगरपालिका वडा ६ का वडा अध्यक्ष शशी चौधरी र नगर कार्यपालिका सदस्य सोनी रजकले कप, नगद पुरस्कार प्रदान गरेका थिए ।

सोमबारको खेल पछि अंकतालिकाको समूह 'ए' मा ३ खेलमा ५ अंकसहित राजविराज राजदेवी रोयल शिर्ष स्थानमा छ जसले सेमोफाइनलमा स्थान समत पक्का गरेको छ। समूह 'ए' को दोश्रो स्थानमा ३ खेलमा ३ अंक सहित राजगढ वारियर्स छ ।

समान २ खेल खेलेको कन्चनरुप राइनोज र हनुमाननगर हिरोज क्रमशः २ र ० अंक सहित तेश्रो र चौथो स्थानमा छ ।

हनुमान नगरको दोश्रो चरण पुग्ने सम्भावना समाप्त हुँदा राइनोजले भने अन्तिम खेलमा जित दर्ता गरे अर्को चरण पुग्नेछ ।

यस्तै समूह 'बि' अन्तर्गत तिरहुट टाइगर्स ३ खेलमा ६ अंक सहित समूहको शिर्ष स्थानमा रहेर सेमीफाइनलमा स्थान पक्का गरेको छ । रुपनी राइडर्स भने तिन वटै खेलमा पराजित हुँदै पहिलो चरणबाट बाहिर भएको छ ।

रोयल च्यालेन्जर्स बाह्री वीरपुर र खडक वारियर्सको समान २ अंक छ । वीरपुर र वारियर्स बीच भोलि हुने खेलमा विजयी हुने टिम सेमीफाइनल प्रवेश गर्नेछ ।

# मधेस प्रदेशमा हालसम्म ३५ प्रतिशत धान रोपाइँ

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ३० असार ।**
आकाशेपानीको अभावमा मधेस प्रदेशमा असारको अन्तिम हप्तासम्म अर्थात् हालसम्म ३५ प्रतिशत मात्र धान रोपाइँ भएको छ ।

मधेस प्रदेश कृषि विकास निर्देशनालयले लामो समयदेखि पानी नपरेकाले भूमिगत सिँचाइको माध्यमबाट किसानले धान रोपाइँ गरिरहेको जनाएको छ ।

खोला, नदी तथा नहरहरूमा पानीको सतह कम भएकाले सिँचाइ हुन नसक्दा डिपट्युवेल, स्यालोटयुवेल तथा बोरिङको पानीबाट धान रोपाइँ भइरहेको हो । हालसम्म ८० प्रतिशतभन्दा बढी धान रोपाइँ भइसक्नुपर्नेमा यसपटक पानी अभावले ३५ प्रतिशत मात्र रोपाइँ भएको निर्देशनालयका बागवानी अधिकृत प्रदीप यादवले बताए । मधेस प्रदेशमा तीन लाख ७२ हजार ५४५ हेक्टर जमिनमा धानखेती हुँदै आएकोमा हालसम्म एक लाख २७ हजार हेक्टरमा रोपाइँ भएको उहाँले जानकारी दिए ।

हालसम्म पर्सामा ७५ प्रतिशत, बारामा ४१ प्रतिशत, रौतहटमा ४५, महोत्तरीमा १९, धनुषामा २६, सिरहामा ३०, सप्तरीमा १७ प्रतिशत मात्र धान रोपाइँ भएको छ ।

मधेस प्रदेशमा पाँच लाख ४२ हजार पाँच सय ८० हेक्टर खेतीयोग्य जमिन रहेको छ, जसमध्ये तीन लाख ७२ हजार ६४५ हेक्टर जमिनमा धानखेती हुँदै आएको निर्देशनालयले जनाएको छ । विभिन्न नदी, नाला तथा खोलाको पानीबाट ३० प्रतिशत मात्र खेती सिँचाइ हुँदै आएको जनाइएको छ ।

# आठ लाख १६ हजार ४०५ हेक्टरमा रोपाई सम्पन्न

काठमाडौँ, ३० असार (रासस) ।
देशभर हालसम्म करिब ५९ प्रतिशत धान रोपाइँ भएको छ ।

कृषि विकास मन्त्रालयका अनुसार यही असार २९ गतेसम्म आठ लाख १६ हजार ४०५ हेक्टर जमिनमा रोपाइँ भएको हो । गत वर्षको तुलनामा झण्डै ८ प्रतिशतले रोपाइँमा कमि आएको हो ।

प्रतिशतका हिसाबले सबैभन्दा बढी सुदुरपश्चिम प्रदेशमा करिब एक लाख ६४ हजार हेक्टरमा रोपाइँ भएको छ । उक्त प्रदेशमा ९३ प्रतिशत रोपाइँ भएको जनाइएको छ ।

कर्णाली प्रदेशमा ६४ हजार हेक्टरमा रोपाइँ सकिएको छ । यहाँ ८३ प्रतिशत रोपाइँ भएको छ । लुम्बिनी प्रदेशमा दुई लाख २३ हजार हेक्टरमा रोपाइँ सम्पन्न भएको छभने प्रतिशतका हिसाबले ७३ प्रतिशत रोपाइँ भएको हो ।

गत वर्ष सोही अवधिमा करिब ६७ प्रतिशत धान रोपाइँ भएको थियो । मन्त्रालयले आइतवारसम्म सङ्कलन गरेको तथ्याङ्कअनुसार देशका केही भागमा रोपाइँ जारी छ । आगामी साउनको अन्तिम सातासम्म ९८ प्रतिशत रोपाइँ हुने अनुमान गरिएको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीका अनुसार धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र राम्रो मानिन्छ । त्यस क्षेत्रबाट धानको उत्पादकत्वसमेतमा वृद्धि भई कूल उत्पादनको ७० प्रतिशत योगदान छ । पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको छ ।

गत आर्थिक वर्ष २०८०/८१ मा ५७ लाख २४ हजार २३४ मेट्रिकटन धान उत्पादन भएको थियो । मौसमको प्रतिकूलता, दैवी प्रकोप, अतिवृष्टि तथा अनावृष्टिले रोपाइँमा नकारात्मक प्रभाव परी कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ ।

मुलुकमा करिब १४ लाख हेक्टर जमिनमा रोपाइँ हुने गर्दछ । पछिल्लोपटक विकास भएका ज्ञान, सीप, प्रविधि तथा उन्नत जातका बीउबिजनको विकासका कारण उत्पादन वृद्धि हुने अनुमान छ ।

धान उत्पादनमा करिब १० प्रतिशतले घटबढ भएमा मुलुकको कूल गार्हस्थ्य उत्पादनमा एक प्रतिशतले घटबढ हुने जनाइएको छ । यसवर्ष स्वदेशमा उत्पादन हुने अनुमान गरिएको ६० लाख मेट्रिकटन धानबाट करिब ३५ लाख मेट्रिकटन खानयोग्य चामल बन्ने मन्त्रालयको भनाइ छ ।

# मधेस प्रदेशमा मिर्गौला उपचार केन्द्र स्थापना गरिने

पर्सा, ३० असार (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले मधेस प्रदेशमा विशिष्टकृत सेवासहितको मिर्गौला उपचार केन्द्र स्थापना गरिने बताउनुभएको छ ।

नारायणी अस्पतालमा जडान भएका स्तन क्यान्सर जाँच गर्ने (म्यामोग्राम) र नि:सन्तान उपचारका लागि सेवा विस्तार भएको 'आइयुआई युनिट'को आइतबार यहाँ शुभारम्भ गर्दै मन्त्री पौडेलले मधेस प्रदेशमा मिर्गौला रोगीको 'डाइलाइसिस' गर्नेको सङ्ख्या अत्यधिक रहेकाले विशिष्टकृत उपचार केन्द्रको आवश्यकता औँल्याउनुभयो ।

"आगामी आर्थिक वर्षको बजेटमा मधेस प्रदेशमा विशिष्टकृत सेवासहितको मिर्गौलाको उपचार केन्द्र बनाउन बजेट समावेश गरेका छौँ," उहाँले भन्नुभयो, "अस्पताल कहाँ स्थापना गर्ने भन्ने विषयमा टुङ्गो लागिसकेको छैन । त्यसका लागि गृहकार्य भइरहेको छ । रौतहट, सप्तरी वा अन्य कुनै जिल्लामा हुन सक्छ ।"

मन्त्री पौडेलले सरकारले हाल १३ हजारभन्दा धेरै मिर्गौलारोगीको डाइलाइसिस गर्दै आइरहेको जानकारी दिनुभयो । "अहिले मिर्गौला रोगीको बिरामी भयावहजस्तै भइरहेको छ । आठ हजारभन्दा धेरै त वैदेशिक रोजगारीबाट फर्किएका नेपालीमा देखिएको छ," उहाँले भन्नुभयो, "तीमध्ये चार हजारभन्दा धेरै मधेस प्रदेशका जनताले मिर्गौलाको डाइलाइसिस गर्दै आइरहेकाले मधेस प्रदेशमा मिर्गौलाको उपचार गर्ने विशिष्टकृत अस्पताल स्थापना गर्न लागेका हौँ ।"

मन्त्री पौडेलले नारायणी अस्पतालमा छिट्टै 'क्याथल्याब' सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले नारायणी अस्पताललाई एउटा मन्त्री वा मेडिकल सुपरीटेन्डेन्टले मात्रै राम्रो गराउन नसक्ने भएकाले यहाँका राजनीतिक दल समाजसेवी, सबै तह र तप्काका व्यक्तित्वको हातमालोले मात्रै व्यवस्थित गराउन सकिने उल्लेख गर्नुभयो । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा चुमनलाल दासले अस्पतालले पछिल्लो समय विभिन्न उपचार थप गर्दै आइरहेको जानकारी दिनुभयो ।

"आजदेखि हामीले निसन्तान दम्पतीका लागि निःशुल्क रूपमा आइयुआई युनिटको शुभारम्भ गरेका छौँ," उहाँले भन्नुभयो, "यसले ठूलो सहयोग गर्ने अपेक्षा गरेका छौँ ।"

# तराई/मधेसमा खानेपानी र सिँचाई समस्या हल गर्न सरकारको ध्यानाकर्षण

काठमाडौँ, ३० असार (रासस) ।
प्रतिनिधिसभाको सोमबारको बैठकको शून्य समयमा सांसदहरूले तराई/मधेसका क्षेत्रमा बढ्दो खानेपानी र सिँचाइको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ । उहाँहरूले चुरे संरक्षण, तराई/मधेसमा पानी पुनःभरणको योजना बनाउन तथा किसानलाई मलबिउ उपलब्ध गराउन तथा प्राकृतिक विपत्तिबाट नागरिकको जीउधनको रक्षा गर्न माग गर्नुभयो ।

सांसद जुलीकुमारी महासेठले मधेस प्रदेशमा पानीको अभाव अन्त्य गर्न विशेष योजना बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद अनिता देवीले सिँचाइको पर्याप्त सुविधा नहुँदा तराई/मधेसका क्षेत्रमा धान रोपाइँ हुन नसकेकाले सो क्षेत्रलाई सुख्खा क्षेत्र घोषणा गरी किसानलाई उचित राहतको व्यवस्था गर्न माग गर्नुभयो ।

सांसद उर्मिला माझीले तराई/मधेसका क्षेत्रमा देखिएको खानेपानीको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद कालुराम राईले चुरे संरक्षण गरेर मात्रै पहाड र तराई क्षेत्रमा भू-क्षय नियन्त्रण र पानीको अभाव अन्त्य गर्न सकिने जनाउँदै पानीको पुनःभरण योजना बनाउन आग्रह गर्नुभयो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*